# ६२ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.१. माडी नगरपालिकाको ६१ औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

निर्णय नं.२. माडी नगरपालिकाको १७ औं नगरसभा मिति २०८२।०९।२५ गते शुक्रवारका दिन बिहान ११:०० बजे माडी नगरपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।

निर्णय नं.३. बागमती प्रदेश सरकार अन्तर्गतको माडी नगरपालिकाका लागि लागत साझेदारीमा सूचना प्रविधिमा आधारित कृषि उपज केन्द्रको बजेट रकम रु. १ करोड ३० लाख वरावरको कार्य माडी नगरपालिकाको वडा नं ०४ स्थित सिधुवामा निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.४. माडी नगरपालिका वडा नं. ३ बसन्तपुर स्थित नक्सा नं. ३।ख कित्ता नं. ९ को संलग्न ट्रेस र विवरण बमोजिमको जम्मा क्षेत्रफल २१-१७-९ को सार्वजनिक जग्गा मध्ये देहाय अनुसारको निकायहरुलाई प्रयोगका लागि अनुमति माग गर्ने निर्णय गरियो ।

देहायः

क. माडी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, क्षेत्रफल: २-५-०
ख. बघौडा अस्पताल, क्षेत्रफल: २-८-०
ग. माडी क्याम्पस, क्षेत्रफल: १-१४-१०
घ. माडी माध्यामिक विद्यालय, क्षेत्रफल: ११-१७-१५

निर्णय नं. ५. माडी नगरपालिका भित्रका विभिन्न स्तरोन्नति गर्नुपर्ने ग्रामिण सडकहरुलाई बजेट सिमाभित्र रहि नगरपालिकाको स्रोत र साधनहरु प्रयोग गरी सम्पुर्ण वडाहरुमा मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.माडी नगरपालिका भित्रका लेखा परिक्षण गर्नुपर्ने टोल विकास संस्था महिला तथा आमा समुह र कृषक समुहहरुको लेखापरिक्षण नगरपालिका मार्फत रजिष्टर्ड लेखापरिक्षक मार्फत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. माडी नगरपालिकाको कर्मचारी प्रोत्साहन तथा सेवा सुविधा कार्यविधि, २०८२ तपसिल अनुसारको संशोधन गर्ने निर्णय गरियो ।

| परिच्छेद | हाल भएको | संशोधित |
|---|---|---|
| परिच्छेद २को ३(२) | नगरपालिका भन्दा अन्यत्र स्थायी ठेगाना भई भाडामा बस्ने स्थायी कर्मचारीहरुलाई आवास सुविधा उपलब्ध गराईने छ । | नगरपालिका भन्दा अन्यत्र स्थायी ठेगाना भई भाडामा बस्ने स्थायी कर्मचारीहरुलाई आधारभुत तलब स्केलको ७.५ प्रतिशत आवास सुविधा उपलब्ध गराईने छ । |

निर्णय नं. ८. टोल विकास संस्थाको (गठन तथा सञ्चालन परिचालन), कार्यविधि २०७८ तपसिल अनुसारको संशोधन गर्ने निर्णय गरियो ।

| परिच्छेद | हाल भएको | संशोधित |
|---|---|---|
| परिच्छेद २(१२) | यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ । | यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका ८० देखि १५० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ । |

निर्णय नं. ९. आगामी आ.व. २०८३/०८४ का लागि संघीय समपुरक तथा विशेष अनुदानका लागि तपसिल अनुसारको योजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो।

संघीय समपुरक तर्फ

| प्राथमिकता क्र.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १. (क्रमागत) | एनसेल टावरबाट शिवद्वार होमस्टे दिवानगर राईटोल हुँदै कल्याणपुर सम्मको सडक कालोपत्रे | लागत अनुमान अनुसारको लागत सहभागिता बेहोरिने प्रतिबद्धता सहित |
| २. (नयाँ) | वडा नं. १ सेरुवा डाँग्रेखोला कल्भर्ट बाट शिकारीपुर हुँदै आधारभूत विद्यालय बाल्मिकी देखि बनकट्टा होमस्टे र गोद्धक धाम सम्मको सडक कालोपत्रे | लागत अनुमान अनुसारको लागत सहभागिता बेहोरिने प्रतिबद्धता सहित |

संघीय विशेष अनुदान तर्फ

| प्राथमिकता क्र.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १. | वडा नं. १ स्थित पाण्डवनगर र द्रोपदिनगरमा लोपोन्मुख, विपन्न सिमान्कृतहरुका लागि नमुना आवास निर्माण | लागत अनुमान अनुसार माग गर्ने |
| २. | वडा नं. २ स्थित जिवनपुर आधारभुत विद्यालयमा शौचालय खानेपानी घेराबार तथा आवश्यक पुर्वाधार निर्माण | लागत अनुमान अनुसार माग गर्ने |

निर्णय नं. १०.बघौडा अस्पतालको सिफ्टमा ड्युटी गर्ने कर्मचारीहरुले प्रयोग गर्दै आईरहेको घर को भाडा अघिल्लो आ.व.कै दररेटमा भएको सम्झौतालाई निरन्तरता गरि गरिएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११.माडी नगरपालिका बघौडा अस्पतालमा कार्यरत स्टाफ नर्स श्री उन्नति कुमारीले पेश गर्नुभएको तलबी असाधारण विदा सम्बन्धमा निजको निवेदन, दफा ४९ दफा ५० को शर्तमा रहि गरिएको कबुलियतनामा, पुर्वस्वीकृती पत्र र Bachelor In Nursing Science मा छात्रवृत्तिमा छनौट हुनुभएको विवरण समेतको आधारमा रहि स्थानीय सेवाको (गठन तथा सञ्चालन) सम्बन्धी ऐन,२०७९ को दफा ६०(३)(२) अनुसार तलवी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १२.माडी नगरपालिकाको घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १३.माडी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि,२०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत